# नेपाल आयल निगम लिमिटेड

(नेपाल सरकारको स्वामित्व प्राप्त)
(योजना, प्रशासन तथा मानव संशाधन विकास विभाग)

२०७४।६।२५
मिति : ..................

पत्र संख्या : २०७४/७५, प.नं. १३६५

**सम्पर्क राख्न आउने बारे ।**
**(सूचना नं. ३/२०७४-७५)**

निगमको सूचना नं. ५/०७२-७३ अनुसार विज्ञापन भएका विभिन्न पदहरूमा लिखित परीक्षा एवं अन्तर्वार्ता समेतबाट सफल भई पदपूर्ति समितिको निर्णयानुसार स्थायी नियुक्तिकालागि सिफारिस भई मिति २०७४।२।८ को गोरखापत्र दैनिकमा नियुक्ति लिन प्रकाशित सूचना नं. २६/२०७३-७४ बमोजिमका उम्मेदवारहरूमध्ये विज्ञापन नं. ४४/०७२-७३ (खुला), सेवा अप्राविधिक, समूह प्रशासन, पद सहायक प्रबन्धक (प्रशासन), तह-६ मा सिफारिस भएका उम्मेदवार मोहो दत्त अधिकारी तोकिएको म्याद भित्र सम्पर्क गर्न नआउनु भएको हुँदा निजको बैकल्पिक नं. १ का उम्मेदवार रुद्र बहादुर पछाईलाई ३० दिन भित्र नियुक्तिको लागि सम्पर्क राख्न आउनु भनी मिति २०७४।४।३ मा निगमको वेबसाइट मार्फत् सूचना जारी गरिएको तथा निजलाई पत्र प्राप्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र (१५) दिन भित्र उक्त पदमा बहाल गरी सक्नु भनी स्वयम्लाई मिति २०७४।५।१९ मा पत्र बुझाएकोमा निज सो तोकिएको म्याद भित्र हाजिर तथा बहाली हुन नआउनु भएको हुँदा नियमानुसार **बैकल्पिक योग्यता क्रम नं. २ का उम्मेदवार रोल नं. ११९१ का श्री विष्णु पौडेललाई नियुक्तिको लागि सिफारिस गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अतः उक्त उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्रमा निरोगिताको प्रमाणपत्र सहित निगमको योजना, प्रशासन तथा मानव संशाधन विकास विभाग, केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौंमा नियुक्तिको लागि सम्पर्क राख्नुहुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

पदपूर्ति समिति
ने.आ.नि.लि., बबरमहल

केन्द्रीय कार्यालय : बबरमहल, काठमाडौं, पोष्ट बक्स नं. ११४०, फोन नं : ४२६२७८०, ४२६३४८१, ४२६३४८२, ४२६३४८५, ४२६४६००
फ्याक्स : (९७७-१) ४२६३४९९, ४२६२६४५, E-mail: info@nepaloil.com.np, Url : www.nepaloil.com.np